राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेर्दी भण्डारा, चितवन
३ नं. प्रदेश, नेपाल
☎: ०५६-५५००९५

प.सं. ०७५/०७६
च.नं. ३६११

मिति २०७५/३/२५

## एकिकृत करको लागि फाराम भरि पठाउने वारेको

## अत्यन्त जरुरी सूचना

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ वमोजिम राप्ती नगरपालिकावाट २०७५।४।१ देखि एकिकृत सम्पत्ति कर लगाउने भएकोले राप्ती नगरपालिका भित्र रहेको जग्गा र घर टहरो सेड वाल जस्ता भौतिक संरचनाको विवरण खुलाइ फाराम भरी वडा कार्यालय मार्फत यस कार्यालयमा पेश गर्नु हुन सवै सम्पत्ती धनीको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१ वडा कार्यालय मार्फत एकिकृत सम्पत्ती करको फाराम प्राप्त भएपछि कम्प्यूटरमा प्रविष्ट गरिने छ र सो पश्चात कर लिईने छ।

२. करको लागि फाराम सम्पत्ति धनी स्वयंले भर्नु पर्नेछ। सम्पत्ति धनीको मञ्जुरनामाको आधारमा अर्को व्यक्तिले फाराम भरि दिन सक्नेछ।

३. जसको नाममा पूजा छ सो सम्पत्ति धनी १ (एक) करदाता हुने भएकोले प्रत्येक पूर्जा भएका व्यक्तिले छुट्टा छुट्टै फाराम भर्नु पर्नेछ।

४. एकिकृत सम्पत्ति करको फाराम भर्दा देहायका कागजातहरु संलग्न गर्नु पर्ने छ।

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)

(ख) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।

(ग) मञ्जुरीनामाको आधारमा फाराम भरेको भए सो मञ्जुरीनामा प्रतिलिपि।

(घ) आ.व. ०७४/७५ सालसम्मको मालपोत तिरेको रसिदको प्रतिलिपि।

५. हामी शीघ्र कार्य सम्पादन गर्ने गराउने कार्यमा तत्पर छौ यो कार्य पहिलो पटक एकैपटक गर्न पर्ने अवस्था र कार्य व्यस्तताले गर्दा फाराममा उल्लेख भएको विवरण कम्प्युटरमा प्रविष्ट गराउन केही समय लाग्न सक्छ तसर्थ यहाँहरुले धैर्यता समझदारीपूर्वक सहयोग गरी दिन हार्दिक अनुरोध गर्दछौ।

०७५/३/२५
मिठाराम हुमागाँई
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner